अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/१९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतले फैसला गर्दा लिएको आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	वीरेन्द्र प्रसाद साह कानु सर्मेन्द्र प्रसाद चौधरी, सुरेश कुमार यादव उपेन्द्र कुशवाहा, सिकेन्द्र प्रसाद यादव, विजय कुमार यादव, कविता देवी, रामलोचन साह कानु, छठु गिरी र अनिता देवी मु.नं (०८०-CR-००१६) फैसला मिति २०८१/१/१७	भवन निर्माण कार्यमा झुट्टा बिलको आधारमा भुक्तानी गरी भ्रष्टाचार गरेको।	• प्रतिवादीहरु बारा जिल्ला, सिम्रौनगढ नगरपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साह कानु र लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरी, ईन्जिनियर सुरेश कुमार यादव र सव ईन्जिनियर उपेन्द्र कुशवाहा उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) वमोजिमको कसुरमा रु.३७,९३,३९२।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद एवं जरिबाना हुन, साथै प्रतिवादीहरु सुरेश कुमार यादव र उपेन्द्र कुशवाहाले गलत नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार गरी गलत प्रतिवेदन दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसुर गरेको देखिन आएकोले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिबाना हुन। • सामुदायिक भवन निर्माण उपभोक्ता समितिका पदाधिकारीहरू सिकेन्द्र प्रसाद यादव, सचिव विजय कुमार यादव, कोषाध्यक्ष कविता देवी उपर विगो रु रु.१९,०७,५३२।- र बर्थिङ्ग सेन्टर निर्माण उपभोक्ता समितिका अध्यक्ष रामलोचन साह कानु, सचिव छठु गिरी र कोषाध्यक्ष अनिता देवीको हकमा रु.१८,८५,८६०।- विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसूरमा सोही दफा दफा ८ को उपदफा (४) वमोजिम सजाय हुन ।	• प्रतिवादीहरुले आरोपित कसूरमा ईन्कारी वयान गरेको देखिएको । • आरोप पत्रमा दावी गरिएको विगो रु.३७,९३,३९२।- आरोपपत्र दायर हुनु भन्दा अघी नै वेरुजु कायम भई उपभोक्ता समितिका पदाधिकारीहरुबाट प्रदेश सरकारको वेरुजु खातामा जम्मा भई सकेको देखिएकोले प्रतिवादीहरुले आरोपित कसूरबाट सफाइ पाउने ठहर्छ ।	• प्रस्तुत मुद्दामा मिसिल संलग्न संसदीय अनुगमन विशेष समिति - २०७५, मधेश प्रदेशको प्रतिवेदन, सिम्रौनगढ नगरपालिकाबाट प्राप्त प्रतिकृया, योजना सम्झौता, कार्यदिश, योजना संचालनको लागि स्वीकृत भएको लागत अनुमान, नापी किताब, उपभोक्तासम्बन्धी बिल र कार्य सम्पन्न प्रतिवेदन समेतको प्राविधिक मूल्यांकन कागजात, उपभोक्ता समितिलाई भुक्तानी दिइएको रकमको गोश्वारा भौचर, उपभोक्ता समितिको बैंक खाताको स्टेटमेन्ट एवं प्रतिवादीहरुको बयान समेतका आधार प्रमाणहरुबाट बारा जिल्ला, सिम्रौनगढ नगरपालिका, वडा नं ३ मा सामुदायिक भवन निर्माण गर्नको लागि मिति २०७८ असार मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७८।२।३१ मा सिम्रौनगढ नगरपालिका र उपभोक्ता समिति बीच सम्झौता भई उक्त सामुदायिक भवनको निर्माण कार्य सम्पन्न भएको देखाई उपभोक्ता समितिको खातामा रु. १९,०७,५३२।- भुक्तानी भएको र वडा नं. ३ नयकाटोलमा बर्थिङ्ग सेन्टर निर्माण गर्नको लागि रु. १८,८५,८६०।- (अक्षरेपी अठार लाख पचासी हजार आठ सय साठी) गरी जम्मा रु. ३७,९३,३९२।- (अक्षरेपी सैतिस लाख त्रियानब्बे हजार तीन सय बयानब्बे) भुक्तानी भएको देखिन्छ । • उक्त योजनाहरुको अन्तिम भुक्तानी प्राप्तिको लागि उपभोक्ता समितिले सम्झौता बमोजिम पेश गर्नुपर्ने योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखापरीक्षणको निर्णयको प्रतिलिपी तथा सम्बन्धित वडा कार्यालयको सिफारिस लगायतको कागजात पेश नगरी नगराई, प्रदेश सरकारबाट सःशर्त अनुदान अन्तर्गत नगरपालिकाबाट संचालन गर्ने गरी बजेट विनियोजन भएकोमा कुनै काम नै नगरी, नगरे नगराएको परिमाण समेत नापी कितावमा चढाई भुक्तानी लिए दिएको र उक्त दुई वटै योजनाहरुमा संसदीय अनुगमन विशेष समिति- २०७५, मधेश प्रदेशबाट मिति २०७८।४।१ मा स्थलगत अनुगमन भई निर्माणस्थलमा निर्माण कार्य शुरु नै नगरी सम्पन्न भैसकेको भनी भुक्तानी भएको भन्ने बिषय सार्वजनिक भए पश्चात् मात्र भुक्तानी भइसकेको रकम उपभोक्ता समितिबाट फिर्ता गरेको देखिँदा सरकारी सम्पतिमा गैरकानूनी हानी नोक्सानी पुर्याउने बदनियतले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टी भएकोमा प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण छ। • प्रस्तुत वारदातमा सिम्रौनगढ नगरपालिकाका सव-ईन्जिनियर प्रतिवादी उपेन्द्र कुशवाहाले निर्माण कार्यको प्रत्येक आइटमको स्थलगत रुपमा नापजाँच गरी वास्तविक परिमाण नापी कितावमा चढाई सोही अनुसारको बिल तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा आफ्नो पदीय दायित्व पूरा नगरी सरकारी सम्पतिमा गैरकानूनी हानी पुर्याउने बदनियतले सम्झौता बमोजिम गर्नुपर्ने कुनै पनि निर्माण कार्य नगरी नगराई कार्य सम्पन्न भएको भनी तथा निर्माणस्थलमा कार्य नभएको जानकारी हुँदाहुँदै समेत नगरे नगराएको परिमाण नापी कितावमा समाबेश गरी सम्पादन नभएको निर्माण कार्यलाई सम्पादन भएको देखाई गलत प्राविधिक प्रतिवेदन र झुट्टा बिल समेत स्वीकृतका लागि पेश गरेको देखिएको, त्यसैगरी सवईन्जिनियरले पेश गरेको नापी किताव, बिल भर्पाई तथा कार्य सम्पन्न प्रतिवेदन चेकजाँच गरी सही छ छैन यकिन गरी पेश गर्नुपर्नेमा ईन्जिनियर पदमा कार्यरत प्रतिवादी सुरेश कुमार यादवले आफ्नो पदीय दायित्व पूरा नगरी

					सरकारी सम्पतिमा गैरकानूनी हानी पुर्याउने बदनियतले निर्माणस्थलमा निर्माण कार्य भएको छैन भन्ने थाहा पाउँदा पाउँदै कुनै निर्माण कार्य नै नगराई साईटमा नगरे नगराएको परिमाण नापी कितावमा चढाई सोही आधारमा झुठा बिल बनाइ पेश भएको बिल भरपाई ठिक छ भनी भुक्तानीको लागि सिफारिस गरेको देखिएको, तत्कालिन निमित्त प्रमुख प्रशासकिय अधिकृत प्रतिवादी वीरेन्द्र प्रसाद साह कानुले सरकारी सम्पतिमा गैरकानूनी हानी पुर्याउने बदनियतले निर्माणस्थलमा निर्माण कार्य भएको छैन भन्ने थाहा पाउँदा पाउँदै, सम्झौता बमोजिम निर्माणस्थलमा नगरे नगराएको परिमाण नापी कितावमा चढाई पेश भएको झुठा बिल भर्पाई, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गर्ने तथा भुक्तानी समेत दिने कार्य गरेको देखिएको, लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरीले सरकारी सम्पतिमा गैरकानूनी हानी पुर्याउने बदनियतले निर्माणस्थलमा निर्माण कार्य भएको छैन भन्ने थाहा पाउँदा पाउँदै अनुगमन समिति र वडा कार्यालयको सिफारिस तथा सार्वजनिक लेखापरीक्षण बेगर निर्माणस्थलमा नगरे नगराएको परिमाण नापी कितावमा चढाई योजना सम्झौताको शर्त विपरित तयार भएको झुट्टा बिलको भुक्तानी गरेको, सामुदायिक भवन निर्माण उपभोक्ता समिति सि.न.पा.-३का अध्यक्ष सिकेन्द्र प्रसाद यादव, सचिव विजय कुमार यादव, कोषाध्यक्ष कविता देवी तथा बर्थिङ्ग सेन्टर निर्माण उपभोक्ता समिति सि.न.पा.-३का अध्यक्ष रामलोचन साह कानु, सचिव छठु गिरी र कोषाध्यक्ष अनिता देवीले सिम्रौनगढ नगरपालिका र उपभोक्ता समितिबिच भएको सम्झौता बमोजिम गर्नुपर्ने कामहरु नगरी कार्य सम्पन्न भएको भनी सरकारी सम्पतिमा गैरकानूनी हानी पुर्याउने बदनियतले निर्माणस्थलमा नगरे नगराएको परिमाणको झुट्टा बिल भर्पाई बनाई नगरपालिकाको कार्यपालिकाको कार्यालयमा पेश गरी, अनुगमन समितिको सिफारिस, सार्वजनिक लेखापरीक्षण र सार्वजनिक सुनुवाई बेगर अन्तिम भुक्तानी लिएको देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको पुष्टी भएकोमा उल्लेखित प्रमाणको अनदेखा गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ। • उल्लिखित आधार प्रमाणबाट यी प्रतिवादीले वदनियतपूर्वक झुठा भरपाई बनाई सामुदायिक भवन नै नवनाई रकम हिनामिना गरी आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएको छ । उक्त दुई वटै योजनाहरुमा निर्माणस्थलमा निर्माण कार्य शुरु नै नगरी सम्पन्न भैसकेको भनी भुक्तानी भएको भन्ने बिषय सार्वजनिक भए पश्चात् संसदीय अनुगमन विशेष समिति मधेश प्रदेशबाट मिति २०७८।४।१ मा स्थलगत अनुगमन गरेपछि मात्र भुक्तानी भइसकेको रकम उपभोक्ता समितिबाट आफूखुसी बेरुजु शिर्षकमा सरकारी खातामा जम्मा गर्दैमा निजहरुले गरेको कसूरबाट उन्मुक्ति पाउन सक्दैन । "बेरुजु" र "भ्रष्टाचार कसूर" फरक फरक विषय हुन् । "बेरुजु" लेखा परिक्षणको विषय रहेको र सो सम्वन्धमा नेपालको संविधानको धारा २४१ बमोजिम महालेखा परीक्षकबाट लेखा परिक्षण हुँदा लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण हुनेछ भन्ने संवैधानिक ब्यवस्था देखिन्छ । उक्त संवैधानिक ब्यवस्थाबाट सरकारी काम कारवाही तथा आर्थिक कारोवारको लेखा परिक्षण गर्दा प्रकृयागत त्रुटीबाट सरकारी हानी नोक्सानी भएका तथा प्रकृयागत त्रुटीका विषयहरु मात्र वेरुजुका विषयहरु हुन भन्ने देखिन्छ । यी प्रतिवादीहरुले झुठा विल भरपाई बनाई गर्दै नगरेको कार्य गरे भएको भनि रकम नै भुक्तानी लिई रकम हिनामिना गरेको कार्य "बेरुजु" नभई भ्रष्टाचार निवारण ऐन बमोजिमको "कसूरजन्य कार्य" भएकोमा निज प्रतिवादीले उक्त हिनामिना गरेको रकम बेरुजु शिषर्कमा सरकारी खातामा दाखिला गरेको देखिएको भनी निज प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ । सम्मानित सर्वोच्च अदालतबाट "भ्रष्टाचार हुनु र बेरूजु हुनु फरक फरक विषय हुन् । भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने

					बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाई द्वारा पुष्टि भएको हुँदैन । भ्रष्टाचारको कसूर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रष्ट रूपमा देखिनु पर्ने । बेरूजुको हकमा बिल भरपाइद्वारा पुष्टि गराउन नसके बेरूजु भएको रकम खर्च गर्ने अख्तियारवालाले दाखिला गर्नु गराउनु पर्ने सम्मको दायित्व हुने ।" (ने.का.प.२०७६, अंक ३, नि.नं-१०२०८), भनि सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्दान्त तथा फैसला समेतको प्रतिकूल रहेको प्रस्तुत फैसला त्रुटीपूर्ण हुँदा बदर भागी छ । • अतःमाथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट यी प्रतिवादीहरुले सरकारी रकम लिनेखाने बदनियतले झुठा विल भरपाई बनाई सरकारी रकम खाईमासी सो सम्वन्धमा उजूरी परे पश्चात कारवाही हुने डरले उक्त हिनामिना गरेको रकम आफुखुशी बेरुजु शिर्षकमा दाखिला गरी भ्रष्टाचारको कसूजन्य कार्यबाट उक्मुक्ती लिन खोजेपनि सोही आधारमा निजहरुलाई उक्मुक्ती दिनुपर्ने कुनै बैधानिक आधार नहुँदा नहुँदै वेरुजु शिर्षकमा रकम जम्मा गरेको भन्ने आधारमा यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण भएकोले सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ ।